रूपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मालिकोट ,कास्की

गण्डकी प्रदेश

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०३ गते

दहत्तर बहत्तर (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभल, रोडा)को कर तथा विक्रि शुल्क उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आब्ह्वानको सूचना ।

रुपा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ६४ को उपदफा १ को (च), ढुंगा, गिट्टी,बालुवा उत्खनन बिकी तथा व्यबस्थापन सम्बन्धी मापदण्ड,२०७७, प्रदेश आर्थिक ऐन २०८३ को दफा ९ तथा अनुसुची ८ र प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा, माटो दहत्तर वहत्तर, लगायतका प्राकृतिक स्रोतको उत्खनन संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उद्योग व्यबस्थापन र संचालन कार्यविधी २०७५, रुपा गाउँपालिका सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ समेतका आधारमा चालु आ.ब. २०८३/०८४ का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको आय संकलन ठेक्कापट्टाको माध्ययमबाट गर्नुपर्ने भएकाले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखि (e-bidding) विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र सम्बन्धी कागजात भरि,***धरौटी रकम यस कार्यालयको सनराईज बैंकको रुपा गाउँकार्यपालिका ग.३.१ धरौटी खाता ०७२०५१८९०८७०३००१*** मा जम्मा गरेको सक्कलै बैंक भौचर (बैंक ग्यारेन्टी मान्य नहुने)संलग्न राखि शिलबन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरीक आय संकलन सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल :-

- पेश/ व्यवसाय नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु. अ. कर दर्ता प्रमाण्पत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- फर्म दर्ता प्रमाणपत्र

०८/१०८/०२.

ठेक्का नं.	घाटको नाम	उत्खनन हुने अधिकतम् बार्षिक परिमाण घ.मी.	न्यूनतम रकम (कर बाहेक)	धरौटी रकम	वोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति र समय
01/RRM/ GHAT/ 083/084	मादी नदी, बुढा महादेव घाट (मन्दिर देखी माथि)	२४८४	७,०१,२३४।२३	३५,१००	२०८३/०८/२४ गते दिनको १२ बजे सम्म
02/RRM/ GHAT/ 083/084	मादी नदी, कुनाको मुख घाट	३०४२	८,५८,७५७।८७	४३,०००	२०८३/०८/२४ गते दिनको १२ बजे सम्म
03/RRM/ GHAT/ 083/084	विर्दी खोला घाट	२६८५	७,५७,९७६।६२	३८,०००	२०८३/०८/२४ गते दिनको १२ बजे सम्म
04/RRM/ GHAT/ 083/084	मादी नदी खाल्टे दोभान घाट	११९४६	३३,७२,३६०।७ ७	१,७०,०००	२०८३/०८/२४ गते दिनको १२ बजे सम्म

शर्त तथा बन्देजहरू

१. खरिद भएका बोलपत्र फारम पेश गर्दा आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेखी प्रत्येक पानामा सहीछाप गरी यस कार्यालयमा e-procurement section of PPMO'S website (bolpatra.gov.np) e-bidding मार्फत मात्र बोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू बोलपत्र दाखिला गर्ने अन्तिम मितिले दिनको ठिक १:०० बजे यस कार्यालयमा बोलपत्रदाताको वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । बोलपत्रदाताको वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन । कबुल गरेको रकम अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

२. ठेकेदार र रूपा गाउँपालिका बिच ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उठेमा, रूपा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ । साथै ठेकेदारको कुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, रूपा गाउँपालिका सङ्क्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७, लगायत सो सँग सम्बन्धित अन्य प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

३. ठेक्काको अवधी :- २०८४ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।

४. ठेक्का सम्झौता गर्दा कूल कबोल रकम एकमुष्ठ, अनिवार्य रूपमा जम्मा गर्नुपर्नेछ। बैङ्क ग्यारेन्टी मान्य हुने छैन ।

५. कुनै शर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्र माथी कुनै पनि कारवाही गरिने छैन ।

६. नदी किनार तथा आसपासका वनस्पति र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ-बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मात्र दहत्तर बहत्तर झिक्न पाइनेछ । हावा चलेको बेलामा, पानी चुहिने, धुलो उड्ने र ओभरलोड हुने गरी ढुवानी गर्ने पाइने छैन ।

७. पुल, कजवे तथा कल्भर्टबाट दुबै तर्फ राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरूको (IEE) ले तोकेको मिटर अपस्ट्रिम र डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र बालुवा समेत निकाल्न पाइने छैन ।

८. घाटसम्म जाने बाटोको निकास आफैं व्यवस्थापन गर्ने जिम्मेवारी स्वयंम् बोलपत्रदाताको हुनेछ ।

९. ढुङ्गा, ग्राभेल, गिट्टी रोडा र बालुवा समेतका कारोबार गर्दा बालश्रम प्रयोग गर्न पाइने छैन । वातावरणमा प्रतिकुल असर पार्ने खाल्को प्रविधिको प्रयोग अपनाउन पाइनेछैन । ज्यालाका हकमा जिल्ला दररेटमा तोकिएको भन्दा कम नहुने गरी भुक्तानी गर्नु पर्ने छ ।

१०. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक लोकमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन र निर्माण कार्य गर्न परेमा लाग्ने खर्च समेत दाबी गर्न पाइने छैन ।

११. घाट सञ्चालन भएका नदी तथा खोलाहरूको क्षति तथा जोखिम हुने अवस्था आई संरक्षण गर्नुपर्ने अवस्थामा सहज रूपमा आवश्यक परेको नदीजन्य पदार्थको प्रयोग गर्न दिनुपर्नेछ।

१२. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी बालुवा आदि उत्खनन एवम् सङ्कलन कार्यमा मेसिन प्रयोग गर्न पाइने छैन ।

१३. नदी, खोला, बगर एवम् सार्वजनिक आवागमनमा बाधा हुनेगरी सङ्कलित सामान जम्मा गर्न पाइनेछैन ।

१४. बोलपत्रका सम्बन्धमा थप बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ । साथै विस्तृत विवरण बोलपत्र फारामसँगै उपलब्ध गराइनेछ ।

१५. आ.व. २०८३ / ०८४ का केही महिना नेपाल सरकार तथा प्रदेश सरकारको निर्णयले घाट बन्द भएमा कार्य समयावधि सोही बमोजिम कायम हुनेछ साथै उल्लेखित परिमाण सोही समयावधिमा बिक्री गर्नुपर्नेछ र त्यस कार्यका लागि बोलपत्रदाताले कुनै पनि खालको क्षतिपुर्ती वा हर्जाना माग गर्न पाउने छैन ।

१६. अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैले सङ्कलित सामाग्रीको घाटगद्दी गरेर मात्र बिक्री वितरणको व्यवस्था मिलाउनु पर्नेछ । घाटगद्दी गर्दा लाग्ने खर्च ठेकेदार स्वयम् ले नै वेहोर्नु पर्नेछ ।

१७. बोलपत्रदाताले ढुङ्गा, गिट्टी, बालुवा, रोडा बिक्री गर्नुपरेमा आ.व. २०८३ / ०८४ को जिल्ला दररेट तथा गाउँपालिका दररेट भन्दा बढि हुने गरि बिक्री गर्न पाउने छैन ।

१८. बोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको बिक्री वितरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१९. स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा उल्लेखित विषयहरू, पालना गर्नुपर्ने शर्तहरू, जोखिम न्यूनिकरणकालागि तोकिने मापदण्डहरू, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरू IEE प्रतिवेदनले निर्दिष्ट गरेबमोजिम हुनेछन् साथै तिनको पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

२०. नदि खोलामा हेभी इक्विपमेन्ट चलाउन, अस्थायी पुल, ह्युम पाइप वा अन्य कुनै माध्यमबाट पानीको बहावलाई प्रभाव पार्न नपाइने साथै सो प्रयोजनको लागि गाउँपालिकाले कुनै पनि अनुमति दिने छैन । नदि वा खोलाको पारीपट्टि भएको माल पारीपट्टि बाटै र वारीपट्टि भएको माल वारीपट्टि बाटै बाटो आफैं व्यवस्था गरी ठेकेदारले लैजाने व्यवस्था मिलाउनु पर्नेछ ।

२१. उल्लेखित न्यूनतम रकम मु.अ. कर र अग्रिम आयकर बाहेक रहेको छ । बोलपत्रदाताले कबोल रकममा मु.अ. कर र अग्रिम आयकर समेत जोडी दाखिला गर्नु पर्नेछ ।

२२. बोलपत्र खरिद तथा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।

२३. बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ । बोलपत्रको प्रक्रिया जुनसुकै चरणमा पुगेको भएतापनि कार्यालयले पूर्ण वा आशिंक रूपमा प्रक्रिया रद्द गर्न सक्नेछ।

२४. यसमा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछन् साथै नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले समय-समयमा दिएका निर्देशनहरु पालना गर्नु बोलपत्रदाताको कर्तव्य हुनेछ ।

रुपा गाउँपालिका कार्यपालिकाको कार्यालय रुपाकोट, कास्की गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

३.४ उत्खनन्\संकलन गरिने परिमाणको आंकलन

प्रस्तावित क्षेत्रमा स्थलगत अध्ययन गरेर निम्न परिमाणको ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन्\संकलन गरिने परिमाणको आंकलन गरिएको छ । यसरी घनमिटर निकाल्दा क्षेत्रफमा औसत गहिराई लाई गुणन गरेर निकालिएको हो ।

तालिका ३.२: संकलन/तथा उत्खनन् क्षेत्र र परिमाण

खोलाको नाम	उत्खनन क्षेत्र	वडा नम्बर	क्षेत्रफल (वर्ग.मि.)	औसत गहिराई (मि.)	आक्षंश/देशान्तर	उत्खनन् गर्न सकिने परिमाण (घ.मि.)
खाल्टे खोला	रिङरोड माथि	३	४७५	१	२८° ६'१२.२५"N, ८४°१३'१२.३७"E	४७५
पास्ते खोला	१	१, ७	१६२.२	१	२८°१०'०.८७"N, ८४°११'५१.९६"E	१६२
	२	१, ७	७४३.२४	१	२८°१०'१.२४"N, ८४°११'५४.७५"E	७४३
	३	१, ७	४२३८.३३	१	२८°१०'१.४१"N, ८४°११'५८.०८"E	४२३८
तालबेशी खोला	तालबेशी	७	४९६२.७६	१	२८°१०'४०.२२"N, ८४° ८'३६.१९"E	२९७७ (६०% मात्र)
आँपु खोला	आँपु खोला	६	१३७५ (२५०•५.५	१	२८° ७'४७.०५"N, ८४° ७'२९.८५"E २८° ७'४४.९०"N, ८४° ७'२८.५९"E	१३७५
आँपु खोला	सँहेला		४०५० १३५•३०	१	२८° ६'३४.९८"N ,८४° ७'३.३१"E	४०५०
बिर्दी खोला	मादी माथ्री (४०० मि. उत्तर	३, १	२६८५ (५९७•४.५)	१	२८° ७'३५.४९"N, ८४°१२'४२.५७"E २८° ७'२६.४५"N, ८४°१३'१.००"E	२६८५
मादी नदी	पोल्याङ	३	२३८९२ (५४३•४४	०.५	२८°६'११.०७"N, ८४°१३'४२.२३"E २८° ६'१०.०५"N, ८४°१३'४१.११"E २८° ५'४८.८८"N, ८४°१३'३२.१८"E २८° ५'४७.६२"N, ८४°१३'३३.१०"E	११९४६

मादी नदी	कुनांको मुख	७	५०७१	१	२८°१०'१३.०९"N, ८४°१२'५०.६४"E २८°१०'१३.३५"N, ८४°१२'५१.५९"E २८°१०'८.६६"N, ८४°१२'५३.८०"E २८°१०'१०.१०"N ,८४°१२'५४.२८"E	३०४२ (६०% मात्र)
मादी नदी	बुढामहदेव (देब्रे)	१	२४८४	१	२८° ८'५९.२४"N, ८४°१३'१२.२२"E	२४८४
जम्मा घनमिटर						३४१७७

नियमले उत्खनन् गर्न नमिल्ने तर व्यवहारिक रुपमा उत्खनन् गर्नुपर्ने स्थानहरु

मादी नदी	बुढामहदेव (दाहिने)	१	१२६७८	१	२८° ८'५०.३७"N, ८४°१३'१७.६१"E	१२६७८
मादी नदी	पोल्याडटार पुल (बायाँ) माथि	३	१४१३५.३८	१	२८° ६'४५.४३"N, ८४°१३'२४.८६"E	१४१३५
जम्मा घनमिटर						२६८१३

स्रोतःस्थगत अध्ययन र GIS

तालिका ३.३: संकलन/उत्खनन् गरिने परिमाणको आंकलन

नदीजन्य पदार्थ	जम्मा
दैनिक उत्खनन् गर्न सकिने (क्यू.मि.)	१२६.५८
वार्षिक उत्खनन् गर्न सकिने (क्यू.मि.)	३४१७७
जम्मा उत्खनन् दिन (वर्षमा)	२७० (३ महिना उत्खनन् नगर्ने)
वार्षिक उत्खनन् गर्न सकिने (क्यू.फुट.)	१२०६९४९.३६५८२
राजश्व (प्रति वर्ष) प्रति क्यू. फुट	रु ७ प्रति क्यू फुट
अनुमानित कुल राजश्व (प्रति वर्ष)	रु. ८४४८६४५.५६

HEAD Geo Engineering Solutions Pvt. Ltd.

रुपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रुपाकोट, कास्की

ढुङ्गा गिट्टी वालुवाको कर उठाउन सिलबन्दी दरभाउपत्र

खोलाको नाम : विर्दी खोला घाट

आ.ब. २०८३/८४

BILL OF QUANTITY

क्र.सं.	विवरण	न्यूनतम अंक रु. (मु.अ.कर, आयकर बाहेक)	कवोल अंक		धरौटी रकम	कैफियत
			अंकमा	अक्षरमा		
१	विर्दी खोला घाट (03/RRM/GHAT/083/084)	७,५७,९७६।६२				
	जम्मा = क (मु.अ. कर, आयकर बाहेक)					
	VAT @ 13% (क × 0.13) = ख					
	अग्रीम आयकर @ 1.5% (क × 0.015)= ग					
	कुल जम्मा (क+ख+ग)					
कुल जम्मा अक्षरमा :						

उक्त खोलाबाट निम्न अनुसारको दररेटमा रकम असूल उपर गर्न सकिने छ।

क्र.सं.	सामाग्रीहरुको विवरण	दररेट विवरण	अक्षरमा	कैफयत
१	बालुवा, ढुङ्गा, गिट्टी	रु.२८२.३ ।- प्रति घन मिटर	रु दुइ सय बयासी रुपैंया तीस पैसा मात्र (प्रति घन मिटर रु.२८२.३०।-)	भ्याट वाहेक

फर्मको नाम :

ठेगाना नं. :

सहि :

सम्पर्क नं. :

फर्मको छाप :